बैठक नं.४

आज मिति २०८०/०६/२१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिन्को ३:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | विष्णु प्रसाद भुसाल | सचिव | |

अरुण कुमार श्रेष्ठ -- का.वा.वडाध्यक्ष - ४

प्रस्ताव नं. ४.१

मिति २०८०।५।१८ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ४.१

- वार्षिक खरिद योजना स्वीकृत गरिएको ।
- अव्यवस्थित बसोवासीहरु रहेको क्षेत्रको नाप नक्शांकनको प्रकिया अगाडि बढाउनका लागि केही जनशक्ति व्यवस्थापन गर्ने गरी अस्थायी दरबन्दी स्वीकृत गरी पूर्तिको लागि प्रकिया समेत अन्तिम चरणमा पुगेको ।
- बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ मा दोस्रो संशोधन गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- नगरस्वास्थ्य समितिलाई पूर्णता दिइएको ।
- आधुनिक पशुवधशालाको आय सम्बन्धी ठेक्का स्वीकृत गरी मिति २०८०।६।२५ गते देखि संचालन गर्ने गरी सम्झौता समेत गरिएको ।
- बुटवल- ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको टर्मिनल भवनमा राजश्व अनुसन्धान कार्यालय रहेको हुदा उक्त कार्यालयसंग पुनः द्विपक्षीय सम्झौता नवीकरण गरिएको ।
- बुटवल-६ स्थित पुरानो बसपार्कमा रहेको सपिङ्ग कम्प्लेक्सका १४ वटा मासु पसल सटर व्यवसायीहरुको २०८० पौष मसान्त सम्मका लागि म्याद थप गरिएको ।
- वडा नं.-१७ स्थित रानीगंजमा सांस्कृतिक महोत्सव संचालनका लागि अनुमति दिई महोत्सव समेत संचालन भएको ।
- जग्गाको छुट लगत संकलनको लागि आवश्यक व्यवस्था मिलाउने गरी निर्णय लिइएको ।
- जग्गाको लगत प्रविष्टिका लागि आवश्यक निर्णय लिइएको ।
- ३ तिन थान वारुणयन्त्र अनुदानमा उपलब्ध गराइदिनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल स्थित भारतीय राजदुतावासमा अनुरोध गर्ने गरी निर्णय लिइएको ।
- वडा नं.-१२ का केही वासिन्दाहरुको लालपूर्जा प्राप्तिको प्रकिया अगाडि बढाउनका लागि सिफारिस गरिएको ।
- भूमि सम्बन्धी काममा फिल्डमा खटिने जनशक्तिलाई सामान्य खाना,खाजा वापतको रकम भुक्तानी दिने गरी निर्णय लिइएको ।
- वडा कार्यालय वडा नं.१ सोही वडा स्थित जितगढी युद्ध संग्रहालयमा स्थानान्तरण गर्ने गरी निर्णय लिइएको ।
- वडा कार्यालय वडा नं. १३ रहेको कम्पाउण्ड परिसरलाई थप व्यवस्थित गर्नका लागि कम्पाउण्डवाल लगाउने गरी निर्णय लिइएको ।

- विशेष अनुदानबाट प्राप्त रु.१ करोड बजेट बुटवल स्थित सरस्वती आधारभूत वि लाई उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- बुटवल-१२ स्थित नयागाउँ मा.वि. को भौतिक पूर्वाधार निर्माणका लागि रु.५ करोड साना विकास परियोजना अन्तर्गतबाट संचालन एंव कार्यान्वयन हुने गरी स्वीकृतिका लागि माग गरी पठाइएको ।
- बुटवल-४ स्थित लक्ष्मी मा.वि. लाई बस आवश्यक भएको हुदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल स्थित भारतीय राजदुतावासमा बस माग गर्ने गरी निर्णय गरी अनुरोध समेत गरिएको ।
- बुटवल उपमहानगरपालिकालाई २ थान एम्बुलेन्स उपलब्ध गराइदिनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल स्थित भारतीय राजदुतावासमा अनुरोध गरी पठाउने निर्णय भए बमोजिम मन्त्रालयमा अनुरोध गरी पठाई सकिएको ।
- केही संघ सस्थाहरुलाई केही सहयोग उपलब्ध गराउने गरी निर्णय भएको ।
- नेकपा एमालेको लुम्बिनी प्रदेशस्तरीय अधिवेशन बुटवल नगरमा भएकोले अधिवेशनको पूर्ण सफलताको लागि कामना गरिएको ।

**प्रस्ताव नं. ४.२**

बुटवल उपमहानगरपालिकाको आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ संशोधन सम्बन्धमा ।

निर्णय नं. ४.२

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट सम्पादन एंव कार्यान्वयन हुने कार्यहरुलाई व्यवस्थित एवं नियन्त्रण गर्ने गरी हाल कार्यान्वयनमा रहेको मौजुदा आर्थिक कार्यसंचालन निर्देशिका, २०७७ लाई खारेज गर्ने गरी कार्यालयबाट तयार भई पेश हुन आएको बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । मितव्ययी र पारदर्शिताका साथ आर्थिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई सुशासन कायम गर्नका लागि उक्त कार्यविधि आवश्यक समेत भएको हुदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.३**

सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० टेबुल गर्ने सम्बन्धमा ।

निर्णय नं. ४.३

नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको बैठकमा पेश हुन आएको सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० टेबुल गरियो ।

**प्रस्ताव नं. ४.४**

शपिङ्ग कम्प्लेक्सका सटर कोठाहरुको न्यूनतम वहाल अंक निर्धारण गरी आय ठेक्काका लागि टेण्डर गर्ने सम्बन्धमा ।

निर्णय नं. ४.४

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका देहाय बमोजिमका शपिङ्ग कम्प्लेक्सका सटर कोठाहरुको न्यूनतम वहाल अंक निर्धारण गरी आयठेक्का मार्फत वहाल बन्दोबस्ती गर्नुपर्ने भएकोले वर्तमान आर्थिक अवस्था र बजार चलायमानलाई समेत मध्यनजर गर्दै मिति २०८०।५।१५ मा बसेको राजश्व परामर्श समितिको सिफारिसका आधारमा देहायका सटर कोठाहरुको देहाय बमोजिम हुने गरी न्यूनतम वहाल अंक निर्धारण गरी ५ वर्षका लागि दोस्रो वर्षदेखि वार्षिक ५% वहाल रकम बृद्धि गर्ने गरी आयठेक्का बन्दोबस्तीको टेण्डर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.न. | सपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | कायम गर्नुपर्ने न्यूनतम मासिक वहाल |
|---|---|---|---|
| १. | अमरपथ सपिङ्ग कम्प्लेक्स (पुरानो बुटवल फाइनान्स रहेको भवन) | ४०९ | १८,०००।- |
| | | ४१० | १८,०००।- |
| २. | हाटबजार सपिङ्ग कम्प्लेक्स माथिल्लो तल्ला | ९ | १०,०००।- |
| | | १० | १०,०००।- |
| | | १२ | १०,०००।- |
| | | १३ | १०,०००।- |
| | | १८ | १०,०००।- |
| | | २२ | १०,०००।- |
| | | २४ | १०,०००।- |
| | | २५ | १०,०००।- |
| | | २६ | १०,०००।- |
| ३. | उजिरसिंह मा.वि. सपिङ्ग कम्प्लेक्स | १ | १५,०००।- |
| | | ५ | १५,०००।- |
| ४. | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्स | १७ | १०,०००।- |

**प्रस्ताव नं. ४.५**

हाटबजार संचालन तथा व्यवस्थापनका लागि न्यूनत्तम ठेक्का अंक कायम गरी आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

निर्णय नं. ४.५

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालन भईरहेका हाटबजारहरुको संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको न्यूनतम ठेक्का अंक निर्धारण गरी बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धी नियमावली,२०७६ र मिति २०८०।५।१७ मा बसेको राजश्व परामर्श समितिको

बैठकको सिफारिसका आधारमा हाटबजारहरुको संचालन तथा व्यवस्थापनको लागि आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | हाटबजार लाग्ने बार | | २ आ.व. को लागि न्यूनतम ठेक्का अंक (सरकारी कर र भ्याट बाहेक) |
|---|---|---|---|
| १ | वडा नं. १२ तामनगर (पुरानो सरस्वती आ.विद्यालय) | मंगलबार | ८०,०००।०० |
| २ | वडा नं. १६ नरैनापर | बुधबार | ४०,०००।०० |
| ३ | वडा नं. १९ रानीवारी गौडी | सोमबार | ८०,०००।०० |

**प्रस्ताव नं. ४.६**

एक्सटेन्सन काउन्टर राखी बैकिङ्ग कारोवार संचालनका लागि राष्ट्रिय वाणिज्य बैंकसंग द्विपक्षीय सम्झौता गर्ने सम्बन्धमा ।

निर्णय नं. ४.६

बुटवल उपमहानगरपालिकाको सम्पूर्ण आर्थिक कारोवारहरु गर्दै आएको राष्ट्रिय वाणिज्य बैंक, बुटवल खस्यौली शाखाले बुटवल उपमहानगरपालिकामा सेवा लिन आउने सेवाग्राहीहरुलाई समेत सहजता तथा सुविधा प्रदान गर्न यस कार्यालयमा एक्सटेन्सन काउन्टर राखि बैंकिङ्ग कारोवार सञ्चालन गरिरहेको र मिति २०८०।५।१५ गतेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा राष्ट्रिय वाणिज्य बैंक बुटवल, खस्यौली शाखासंग मिति २०८० श्रावण महिना देखि मासिक रु.१५०००।०० वहाल रकम लिने गरी द्विपक्षीय सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.७**

सडकबत्ती व्यवस्थापनका लागि बजेट व्यवस्था सम्बन्धमा ।

निर्णय नं. ४.७

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा हाल इलेक्ट्रिकल सम्बन्धी कामका लागि दक्ष इलेक्ट्रिसियन जनशक्तिको अभाव भएको र बुटवल उपमहानगरपालिकाको उज्यालो शहर बनाउने नीति, सार्वजनिक सम्पत्तिको संरक्षण, जनधनको सुरक्षा र नजिक हुदै आएका राष्ट्रिय चाडपर्वहरु समेतलाई मध्यनजर राखी वडा समितिले अनुगमन एंव नियमन गर्ने र स्वीकृत नगर दररेटको परिधिभित्र रही वडा सचिव र प्राविधिकं कर्मचारीको सिफारिसमा भुक्तानी हुने गरी २०८० असोज २५ गते देखि २०८० पौष मसान्तसम्मका लागि सडकबत्ती मर्मत संभार तथा व्यवस्थापन प्रयोजनका लागि देहायका वडाहरुलाई देहाय बमोजिम हुने गरी सम्बन्धित शीर्षकबाट बजेट उपलब्ध गराउने निर्णय गरियो ।

- वडा नं.१,२,३,४,५,६,७,८,९,१०,१२,१३,१४,१५,१६,१७,१८ र १९ रु.१,६००००।-
- वडा नं. ११ रु. ३,२००००।-

**प्रस्ताव नं. ४.८**

नगरका विभिन्न स्थानहरुमा High Mast Light आपूर्ति तथा जडानका लागि बजेट थप सम्बन्धमा

निर्णय नं. ४.८

बुटवल उपमहानगरपालिकाको चालु आ.व २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तरगत उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानका मुख्य सडक एंव भित्री सडकका चोकहरुमा High Mast Light जडान (समपूरक साझेदारी) का लागि खर्च शीर्षक ३११५९ आन्तरिक स्रोत रु. ८०,००,०००।-, सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान) तर्फ खर्च शीर्षक ३११५९ क्रम संख्या १४४५ नेपाल सरकार, नगद (आन्तरिक ऋण) मा रु.८०,००,०००।- र नगरको मुख्य बजार क्षेत्रमा High Mast Light जडान कार्यका लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) ,खर्च शीर्षक ३११५९ क्रम संख्या १४४१, नेपाल सरकार, नगद (आन्तरिक ऋण) मा रु.४०,००,०००।-गरी जम्मा रु. २,००,००,०००।-बजेट विनियोजन भएको । विद्यमान बजारलाई थप व्यवस्थित एंव बिस्तार गरी रात्रीकालीन बजारलाई संरक्षण एंव प्रर्बद्धन गर्ने, सुरक्षा व्यवस्था सुदृढ बनाउने, ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याउने र शहरको सौन्दर्यीकरण गर्दै एक आधुनिक तथा व्यवस्थित शहर बनाउनका लागि नगर भित्रका विभिन्न स्थानहरुमा High Mast Light आपूर्ति तथा जडान (Supply, Delivery, Installation, Testing and Commissioning of High Mast Light) कार्य गर्न आवश्यक भएकोले प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित रु.२,३७,१४,६४०/१८ (दुई करोड सैतीस लाख चौध हजार छ सय चालीस र पैसा अठार मात्र) को लागत अनुमान पेश हुन आएको हुदा सो लागत अनुमान रकम मध्ये. रु. २,००,००,०००।-(दुई करोड मात्र) उल्लेखित सोही योजनाको खर्च शीर्षकहरुको बजेट रकमबाट र नपुग बाँकी रकम रु. ३७,१४,६४०/१८ (सैतीस लाख चौध हजार छ सय चालीस रुपैया र पैसा अठार मात्र) खर्च शीर्षक ३११५९ क्रम संख्या ६००, पुजीगत भैपरीमा विनियोजित रु. २,००,००,०००।- (दुई करोड मात्र) बजेट रकम मध्येबाट व्ययभार हुने गरी ठेक्का प्रकिया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.९**

मुख्य प्रशासनिक भवनको सरसफाईको कार्य निजी क्षेत्र मार्फत गराउने सम्बन्धमा ।

निर्णय नं. ४.९

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको मुख्य प्रशासनिक भवनको सरसफाई गर्ने कार्य कार्यालयको हालको मौजुदा जनशक्ति र स्रोत साधनबाट मात्र संभव नदेखिएको र प्रशासनिक भवनबाट सेवा प्रवाह भए देखि नै सरसफाईको कार्य निजी क्षेत्र मार्फत व्यवस्थापन गरिदै आएको हुदा उक्त सरसफाई कार्य पुन निजी क्षेत्र मार्फत नै व्यवस्थापन गर्ने गरी आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.१०**

चमेना गृह संचालन सम्बन्धमा ।

निर्णय नं. ४.१०

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसर भित्र निर्माण सम्पन्न भएको भवनमा चमेना गृह संचालन गर्न आवश्यक भएको हुदा चमेना गृहका लागि आवश्यक फर्निचरहरु कार्यालयले उपलब्ध गराउने गरी मिति २०८०।५।१५ मा बसेको राजश्व परामर्श समितिको बैठकको सिफारिसका आधारमा खाना र खाजाको हकमा देहाय बमोजिमको बिक्री मुल्य सूचीको परिधिभित्र रही मासिक रु.५०,०००/-(पचास हजार मात्र) भ्याट बाहेक बहाल अंक कायम गरी प्रत्येक दुई/दुई बर्षमा बहाल रकममा बार्षिक दश प्रतिशतका दरले बृद्धि हुने गरी ५ (पाँच ) बर्षका लागि बिहान ६ बजे देखि कम्तीमा राती ८ बजेसम्म र आवश्यक भएमा सार्वजनिक बिदाका दिनहरुमा समेत चमेनागृह संचालन गर्ने गरी निजी क्षेत्र मार्फत आय ठेक्का बन्दोबस्तीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

## चमेनागृहको खाद्य सामग्रीहरुको मूल्यसूची

| सि.नं. | खानाको विवरण | मात्रा | इकाई | मूल्य रु. |
|---|---|---|---|---|
| १ | दुध चिया चिनी सहित | १०० मि.लि. | कप | २० |
| २ | दुध चिया विना चिनी | १०० मि.लि. | कप | २० |
| ३ | कागती चिया | १०० मि.लि. | कप | १५ |
| ४ | कालो चिया चिनी सहित | १०० मि.लि. | कप | १५ |
| ५ | कालो चिया विना चिनी | १०० मि.लि. | कप | १५ |
| ६ | कालो कफी चिनी सहित | १०० मि.लि. | कप | ४० |
| ७ | कालो कफी विना चिनी | १०० मि.लि. | कप | ३५ |
| ८ | दुध कफी चिनी सहित | २००मि.लि. | कप | ६० |
| ९ | दुध कफी विना चिनी | २००मि.लि. | कप | ६० |
| १० | दुध | २००मि.लि. | गिलास | ४० |
| ११ | हट लेमन | २००मि.लि. | गिलास | ३० |
| १२ | हट लेमन हनी सहित | २००मि.लि. | गिलास | ५० |
| १३ | चिकन सुप | २००मि.लि. | गिलास | ८० |
| १४ | मस्रुम सुप | २००मि.लि. | वउल | ८० |
| १५ | मटन सुप | २००मि.लि. | वउल | १२० |
| १६ | भेजिटेवल सुप | २००मि.लि. | वउल | ६० |
| १७ | जाउलो | २००ग्राम. | प्लेट | ५० |
| १८ | उसिनेको अण्डा | प्रति पिस | | २० |
| १९ | चना प्रति प्लेट | १५० ग्राम | प्लेट | ४० |
| २० | समोसा प्रति पिस | ८५ ग्राम | | २० |
| २१ | आलु मटरको तरकारी | १५० ग्राम | वउल | ३० |
| २२ | पुरी तरकारी(४ पिस पुरी ,जेरी,आलुमटर तरकारी) | २५० " | सेट | १०० |
| २३ | पुरी तरकारी(४ पिस पुरी ,आलुमटर तरकारी) | २५० " | सेट | ८० |
| २४ | गहुँको सादा रोटी प्रति पिस | ३० ग्राम | गोटा | १५ |
| २५ | आलु परौंठा प्रति पिस | १०० ग्राम | गोटा | ५० |
| २६ | सेल रोटी प्रति पिस | ९० ग्राम | गोटा | २० |
| २७ | अम्लेट (२ अण्डा) | १४० ग्राम | गोटा | ६० |
| २८ | दही प्रति कप | १९० ग्राम | कप | ५० |
| २९ | चिकन मःमः १० पिस | २२५ " | प्लेट | १३० |
| ३० | चिकन मःमः फाई १० पिस | २२० " | प्लेट | १४० |
| ३१ | स्टिम भेज मःमः १० पिस | २१० " | प्लेट | ८० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | भेज पास्ता | २०० " | प्लेट | ८० |
| ३३ | चिकन पास्ता | २०१ " | प्लेट | १२० |
| ३४ | भेज चाउमिन फुल | ३८० ग्राम | प्लेट | ८० |
| ३५ | भेज चाउमिन हाफ | ४० | प्लेट | ५० |
| ३६ | चिकन चाउमिन फुल | १३० | प्लेट | १२० |
| ३७ | चिकन चाउमिन हाफ | ८० | प्लेट | ७० |
| ३८ | अण्डा चाउमिन फुल | ११० | प्लेट | ११० |
| ३९ | अण्डा चाउमिन हाफ | ६० | प्लेट | ६० |
| ४० | भेज खाना जिरा मसिनो चामलमा (दाल, भात, तरकारी, अचार, सलाद, पापड) | २०० | थाली सेट | १५० |
| ४१ | भेज खाना बासमती चामलमा (दाल, भात, तरकारी, अचार, सलाद, पापड) | २०० | थाली सेट | १८० |
| ४२ | रोटी खाना सेट | २०० | थाली सेट | १५० |
| ४३ | चिकन खाना जिरा मसिनो चामलमा( दाल ,भात, तरकारी अचार, सलाद पापड) | सेट | थाली सेट | २५० |
| ४४ | चिकन खाना बासमती चामलमा( दाल ,भात, तरकारी अचार, सलाद, पापड) | सेट | थाली सेट | २८० |
| ४५ | मटन खाना (दाल, भात, तरकारी, मटन, अचार) | सेट | थाली सेट | ३५० |
| ४६ | मटन खाना (दाल, भात, तरकारी, मटन, अचार) | सेट | थाली सेट | ३८० |
| ४७ | माछा खाना जिरा मसिनो चामलमा ( दाल ,भात, तरकारी अचार, सलाद, पापड) | सेट | थाली सेट | २५० |
| ४८ | चना अण्डा | प्लेट | प्लेट | ५० |
| ४९ | समोसा मटर | प्लेट | प्लेट | ५० |
| ५० | चाउचाउ पकाएको सादा | प्रति प्याकेट | वउल | ७० |
| ५१ | चाउचाउ/अण्डा | प्रति प्याकेट/पिस | वउल | ५० |
| ५२ | मासु चिउरा चिकन, तरकारी/अचार | सेट | सेट | १५० |
| ५३ | मासु चिउरा मटन तरकारी/अचार | सेट | सेट | २०० |
| ५४ | थुप्पा भेज | प्लेट | प्लेट | ९० |
| ५५ | थुप्पा चिकेन | प्लेट | प्लेट | १३० |
| ५६ | मटन थुप्पा | प्लेट | प्लेट | १७५ |
| ५७ | दही चिउरा | प्लेट | प्लेट | ७५ |
| ५८ | खिर तरकारी/अचार | प्लेट | प्लेट | १२० |
| ५९ | भेज पकौडा | चार पिस | प्लेट | ६० |
| ६० | पनिर पकौडा | चार पिस | प्लेट | १५० |
| ६१ | फलफूल (मिक्स फुट) | प्रति प्लेट | प्लेट | १५० |
| ६२ | ग्रिन सलाद | प्रति प्लेट | प्लेट | १०० |
| ६३ | चुकौनी | प्रति प्लेट | प्लेट | ४० |
| ६४ | उसिनेको मकै/भुटेको मकै | प्रति प्लेट | प्लेट | ५० |
| ६५ | स्याण्डविच भेज | पिस | पिस | १०० |
| ६६ | स्याण्डविच चिकेन | पिस | पिस | १३० |
| ६७ | कोदोको रोटी | पिस | पिस | ५० |
| ६८ | फापर रोटी | पिस | पिस | ५० |
| ६९ | फेन्च फ्राई | प्लेट | प्लेट | ८० |
| ७० | भेज थुप्पा | वउल | वउल | ६० |
| ७१ | चिकेन थुप्पा | वउल | वउल | ८० |

| | | | | |
|---|---|---|---|---|
| ७२ | लस्सी | गिलास | गिलास | ८० |
| ७३ | बटुक | ६ पिस | प्लेट | ५० |

**प्रस्ताव नं. ४.११**

निर्णय संशोधन सम्बन्धमा ।

निर्णय नं. ४.११

मिति २०८०।५।१८ मा बसेको नगरकार्यपालिकाको तेस्रो बैठकको निर्णय नं.३.१०.८ मा सङ्घीय सरकारको विशेष अनुदान कोटा अर्न्तगतबाट कार्यान्वयन हुने गरी प्राप्त रु. १ करोड बजेट बुटवल, १ स्थित श्री सरस्वती आधारभूत विद्यालयलाई उपलब्ध गराई कार्यान्वयन प्रकिया अगाडि बढाउने भनि निर्णय हुनुपर्नेमा अन्यथा भएको हुदा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.१२**

निर्णय संशोधन सम्बन्धमा ।

निर्णय नं. ४.१२

बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं. ९ र १० भित्रका क्षेत्रहरुमा समेत सरसफाईको कार्य निजी क्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी आवश्यक प्रकिया अगाडि बढाउने भनी निर्णय हुनुपर्नेमा मिति २०८०।४।१ मा बसेको नगरकार्यपालिकाको प्रथम बैठकको निर्णय नं.१.२ मा अन्यथा भएकोले संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.१३**

टोल विकास सस्था समन्वय समिति गठन तथा परिचालन निर्देशिका, २०७४ (तेस्रो संशोधन २०८०) संशोधन सम्बन्धमा ।

निर्णय नं. ४.१३

बुटवल उपमहानगरपालिकाको टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन निर्देशिका, २०७४ लाई कार्यान्वयन गर्ने सर्न्दभमा असुविधा भएको हुँदा समय सापेक्षित रुपमा केही बुदाहरुमा संशोधन गर्न आवश्यक भई उल्लेखित निर्देशिकामा संशोधन गर्ने गरी पेश हुन आएको प्रस्तावका सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।

**प्रस्ताव नं. ४.१४**

बुटवल उपमहानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ संशोधन सम्बन्धमा ।

निर्णय नं. ४.१४

बुटवल उपमहानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को नियम ३ मा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को दफा १४(४) हुनु पर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४.१५ विविध ।**

**प्रस्ताव नं. ४.१५.१**

लिजमा जग्गा प्राप्ती सम्बन्धमा ।

निर्णय नं. ४.१५.१

बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालय र अन्य भवन संरचनाहरु निर्माण गर्न आवश्यक भएको तर उपमहानगरपालिकाको आफ्नो स्वामित्वमा जग्गा नभएको हुँदा नगर भित्रका वडा कार्यालय लगायतका भवन संरचनाहरु निर्माण गर्न उपयुक्त स्थानका जग्गाको एकिन गरी लिजमा लिने प्रकिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

२०८०।६।२१